# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, माघ ७ गते, २०८२ साल (अतिरिक्ताङ्क २६

## भाग ३

### कोशी प्रदेश सरकार

### विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

योगदानमूलक निवृत्तभरण कोष (स्थापना तथा सञ्चालन) ऐन, २०८२ को दफा ३ को उपदफा (२) को प्रयोजनार्थ कोशी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र कर्मचारी सञ्चय कोषबिच सम्पन्न योगदानमूलक निवृत्तभरण कोष स्थापना र

सञ्चालन सम्बन्धमा भएको देहाय बमोजिमको सम्झौता पत्र जानकारीको लागि प्रकाशन गरिएको छ।

**आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश र कर्मचारी सञ्चय कोष, नेपाल बिच सम्पन्न सम्झौता पत्र**

आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश (यसपछि प्रथम पक्ष भनिएको) र कर्मचारी सञ्चय कोष, नेपाल (यसपछि दोस्रो पक्ष भनिएको) बिच "योगदानमूलक निवृत्तभरण कोष (स्थापना तथा सञ्चालन) ऐन, २०८२" बमोजिम सम्वत् २०७६ साल श्रावण एक गते पश्चात नियुक्ति भई सेवाबाट अवकास/निवृत्त हुने प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीको लागि योगदानमूलक निवृत्तभरण/उपदान रकम कर्मचारी सञ्चय कोषमा जम्मा गर्न देहायबमोजिम सम्झौता सम्पन्न गरी एक/एक प्रति लियौं/दियौं।

१. **<u>प्रथम पक्षको विवरणः</u>**

मन्त्रालयको नाम (देवनागरी लिपिमा):- आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश।

मन्त्रालयको नाम (अङ्ग्रेजीमा):- Ministry of Economic Affairs and Planning, Koshi Province.

ठेगाना:- कोशी प्रदेश, विराटनगर।

२. **<u>प्रथम पक्षको जिम्मेवारीः</u>**

२.१. योगदानमूलक निवृत्तभरण कोष (स्थापना तथा सञ्चालन) ऐन, २०८२ मा व्यवस्था भएबमोजिम कर्मचारीको मासिक तलबबाट ६ (छ) प्रतिशत कट्टा गरी सोही बराबर कर्मचारी कार्यरत निकायले थप गरी दोस्रो पक्षले उपलब्ध गराएको बैंक खाता र परिचयपत्र नम्बरको आधारमा जम्मा गरी सोको विवरण दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

२.२. यस सम्झौता पश्चात सम्झौतामा भएको व्यवस्थालाई फरक पर्ने गरी प्रचलित कानूनमा कुनै संशोधन वा परिमार्जन भएमा त्यसको जानकारी दोश्रो पक्षलाई उपलब्ध गराई पूरक सम्झौता गर्नु पर्नेछ।

२.३. आजीवन निवृत्तिभरण योजना सञ्चालनका लागि आवश्यक पर्ने रकम र बिमाङ्कीय मूल्याङ्कनबाट थप गर्नुपर्ने रकम जम्मा गर्ने दायित्व कर्मचारीको सेवा सर्तसम्बन्धी कानूनमा उल्लेख भएबमोजिम हुनेछ।

३. <u>दोस्रो पक्षको जिम्मेवारी:</u>

३.१. योगदानकर्ता कर्मचारीबाट निवृत्तभरण कोषमा जम्मा भएको रकम योगदानकर्ताको व्यक्तिगत खाता तयार गरी लेखाङ्कन गर्नु पर्नेछ।

३.२. योगदानकर्ताको व्यक्तिगत खातामा जम्मा भएको रकम प्रचलित कानूनबमोजिम व्यवस्थापन गरी प्राप्त हुने ब्याज तथा मुनाफा आवधिक रुपमा योगदानकर्ताको व्यक्तिगत खातामा जम्मा गर्नु पर्नेछ।

३.३. योगदानकर्ता कर्मचारी सेवा निवृत्त/अवकाश भएपछि निजको व्यक्तिगत खातामा जम्मा भएको रकमबाट सम्बन्धित कर्मचारीको सेवा सर्तसम्बन्धी कानून अनुसार निवृत्तभरण/उपदान भुक्तानी गर्नु पर्नेछ।

३.४. आजीवन निवृत्तभरण योजना सञ्चालन गर्न आवश्यक रकम यकिन गर्न प्रथम पक्षको सहमतिमा बिमाङ्कीय मूल्याङ्कन गराउनु पर्नेछ।

३.५. वर्षभरिमा योगदानमूलक निवृत्तभरण कोष सञ्चालन सम्बन्धमा आफूले गरेको काम कारबाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्रमा प्रथम पक्षलाई पेस गरी उक्त प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

३.६. कोशी प्रदेश सरकारसँग सम्पर्क राख्नु परेमा आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत राख्नु पर्नेछ। कोशी प्रदेशभित्रका कुनै स्थानीय तहसँग सम्पर्क राख्नु परेमा सम्बन्धित स्थानीय तहसँग राख्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

३.७. योगदानमूलक निवृत्तभरण कोषको प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्नु पर्नेछ।

४. <u>अन्य व्यवस्थाः</u>

४.१. "योगदानमूलक निवृत्तभरण कोष (स्थापना तथा सञ्चालन) ऐन, २०८२" बमोजिम योगदानमूलक निवृत्तभरण/उपदान योजनामा कोशी प्रदेश सरकार अन्तर्गतका निकाय र कोशी प्रदेशभित्र रहेका स्थानीय तहका कार्यालयमा सम्वत् २०७६ साल श्रावण एक गते पश्चात नियुक्त भएका प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका स्थायी कर्मचारी सहभागी हुनेछन्।

४.२. निवृत्तभरण कोष ऐन, २०७५ को अधीनमा रही रकम संङ्कलन तथा व्यवस्थापन हुनेछ।

४.३. योगदानमूलक निवृत्तभरण कोष (स्थापना तथा सञ्चालन) ऐन, २०८२ सम्झौताको अभिन्न अङ्ग हुनेछ। यस सम्झौता र प्रचलित कानूनमा कुनै कुरा बाझिएमा प्रचलित कानूनमा भएको व्यवस्था लागू हुनेछ।

४.४. दोस्रो पक्षले सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरण तथा उपदान कोष विनियमावली, २०८१ मा उल्लिखित व्यवस्थालाई आधार लिन सक्नेछ।

४.५. सम्झौता कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी छलफलबाट विवाद समाधान गरिनेछ।

४.६. योगदानमूलक आजीवन निवृत्तभरण योजना कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउन दोस्रो पक्षले विनियमावली बनाउन सक्नेछ। यसरी बन्ने विनियमावली प्रथम पक्षले मन्जुर गरेपछि मात्र योगदानकर्ता कर्मचारीको हकमा लागू हुनेछ।

४.७. बिमाङ्कीय मूल्याङ्कन, सोका लागि आवश्यक विवरण र खर्च योगदानकर्ता कर्मचारीको सेवा सर्तसम्बन्धी कानून बमोजिम हुनेछ।

४.८. दोश्रो पक्षलाई वित्तीय दायित्व पर्ने गरी प्रचलित कानूनमा कुनै संशोधन वा परिमार्जन गरिने छैन।

४.९. दोस्रो पक्षले योगदानकर्ता कर्मचारीको व्यक्तिगत खातामा रकम मौज्दात रहँदासम्म मात्र सेवा निवृत्त कर्मचारीलाई निजको सेवा सर्तसम्बन्धी कानून बमोजिम निवृत्तभरण सुविधा प्रदान गर्नेछ।

४.१०. प्रदेश सरकारले योगदानमूलक निवृत्तभरण कोष (स्थापना तथा सञ्चालन) ऐन, २०८२ को दफा ३ बमोजिम आफ्नै कोष स्थापना गरेमा वा अन्य निकायमा निवृत्तभरण कोष सञ्चालन गर्ने निर्णय गरेमा दोस्रो पक्षको कोषमा जम्मा भएको सम्पूर्ण रकम उक्त कोषमा स्थानान्तरण गर्नु पर्नेछ।

<u>प्रथम पक्षको तर्फबाट</u>
दस्तखतः-
नाम, थरः- कोशहरि निरौला
पदः- प्रदेश सचिव
मन्त्रालयको छापः-
<u>रोहवर</u>
दस्तखतः-
नाम, थरः- सुशील बास्तोला
पदः- उपसचिव
कार्यालयः- आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश, विराटनगर।

<u>दोस्रो पक्षको तर्फबाट</u>
दस्तखतः-
नाम, थरः- जितेन्द्र धिताल
पदः- प्रशासक
कोषको छापः-
<u>रोहवर</u>
दस्तखतः-
नाम, थरः- विरेन्द्र पौडेल
पदः- मुख्य प्रबन्धक
कार्यालयः- कर्मचारी सञ्चय कोष,काठमाडौं।

ईति सम्वत् २०८२ साल माघ महिना ७ गते रोज ४ शुभम् .....

**आज्ञाले,**
**कोशहरि निरौला**
**प्रदेश सचिव**

**प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।**
**website:- moial.koshi.gov.np**